


व्यास नगरपालिका कार्यालय परिसरमा कोभिड-१९ विरुद्ध खोप लगाउन लाइनमा बसेका सर्वसाधारण। तस्बिर : रासस

# करारका स्वास्थ्यकर्मीको म्याद थप

रेखा भुसाल

*बुटवल, पुस २७*



लुम्बिनी प्रदेश सरकारले कोरोना संक्रमणको नियन्त्रण तथा उपचार व्यवस्थापनका लागि आवश्यक तयारी सुरु गरेको छ। सरकारले आइसोलेसन अस्पतालहरूको सेवा निरन्तरता दिँदै त्यहाँ कार्यरत जनशक्तिको करार म्याद थप गर्ने निर्णय गरेको छ। सोमबार बसेको मन्त्रिपरिषद्को बैठकले चैत मसान्तसम्म रहेको स्वास्थ्यकर्मी तथा कर्मचारीको करार म्याद थप गर्ने निर्णय गरेको हो। प्रदेश सरकारका प्रवक्ता एवं आन्तरिक मामिला तथा सञ्चारमन्त्री तिलकराम शर्माले कोरोना भाइरस नियन्त्रण तथा उपचार कोषका लागि आवश्यक रकम उपलब्ध गराउने, कोरोना महामारीको रोकथाम, नियन्त्रण, उपचार र व्यवस्थापनका लागि जिल्लागत समितिहरू गठन गर्नेलागयतका निर्णय मन्त्रिपरिषद् बैठकले गरेको जानकारी दिए।

भाइरस नियन्त्रण तथा उपचार कोषका लागि आवश्यक पर्ने रकम स्वास्थ्य जनसंख्या तथा परिवार कल्याण मन्त्रालयले माग गरे अनुसार आर्थिक मामिला तथा सहकारी मन्त्रालयले उपलब्ध गराउने निर्णय गरेको उनले बताए। बैठकले अस्पतालहरूको अवस्था आवश्यकता र सेवा प्रवाहका सम्बन्धमा प्रदेशका १२ वटै जिल्लामा मन्त्रीकै नेतृत्वमा अस्पतालको अनुगमन निरीक्षण गरी आवयक तयारी अगाडि बढाउने निर्णय समेत गरेको प्रवक्ता शर्माले बताए। १२ जना मन्त्रीलाई एक/एक वटा जिल्ला अस्पतालको अवस्था तथा स्वास्थ्य उपचार सम्बन्धी वस्तुस्थिति अनुगमन निरीक्षणको जिम्मा दिने निर्णय मन्त्रिपरिषद्ले गरेको उनले जनाए।

यस्तै सरकारले समपूरक र विशेष अनुदानका आयोजनाको प्रस्ताव स्वीकृत गरी राष्ट्रिय योजना आयोगमा पठाउन स्वीकृत प्रदान गरेको छ। प्रदेश प्रहरी सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र औद्योगिक व्यवसाय सम्बन्धी प्रचलित प्रदेश कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक प्रदेशसभामा पेश गर्न स्वीकृत प्रदान गर्ने निर्णय समेत भएको मन्त्री शर्माले बताए। बैठकले लुम्बिनी प्रदेशिक अस्पताल बुटवलको अस्पताल विकास समितिमा प्रदेश सरकारबाट मनोनित अध्यक्ष र सदस्यलाई हटाउने निर्णय समेत गरेको छ। अघिल्लो सरकारले मनोनित गरेका अस्पताल विकास समितिका अध्यक्ष तथा सदस्यलाई हटाउने निर्णय सरकारले गरेको हो।

पिपल चौतारा-लभ्ली चोक सडक

# हिलाम्य सडकले यात्रुलाई सास्ती

पुष्पराज जोशी

*कैलाली, पुस २७*

धनगढी उपमहानगरपालिका-६, जाली गाउँका जगत देउवा कार्यालयको कामले दैनिक बजार धाउँछन्। उनको बजार आउजाउ गर्ने एउटै बाटो छ। त्यो बाटो हिँड्नै नपरोस् भन्छन् उनी। तर, त्यहीँ बाटो नहिँडी उनलाई सुखै छैन। उनको गाउँ जाने एउटै बाटो भनेको पिपल चौतारा-लभ्ली चोकहुँदै जाली गाउँ जोड्ने सडक हो। दुई महिनादेखि त्यहीँ बाटो हिलाम्य छ। हिलाम्य सडक भएका कारण उनी मात्रै हैनन् त्यो सडक भएर हिँड्डुल गर्ने जो कोही यात्रुलाई सास्ती हुने गर्छ।

'पिपल चौतारादेखि लभ्ली चोकसम्मको हिलाम्य सडकमा जानै नपरोस् भन्ने लाग्छ,' देउवाले भने,'तर, के गर्नु त्यो बाटो नहिँडी सुखै छैन।' निर्वाचनताका जाली गाउँसम्मको सर्लक्क परेको कालोपत्रे सडक बनाउने भनेर घोषणा गरेका जनप्रतिनिधिले ठगेको उनी बताउँछन्। अहिले सो सडक खण्ड हिलाम्य भएकै कारण मोटर गाडीदेखि पैदल यात्रुसम्मलाई सास्ती भइरहेको उनले बताए। 'सो सडक खण्डमा पैदल यात्रुको घुँडासम्मै हिलो छ्यापिन्छ,' उनले भने,'मोटर गाडी पनि ठाउँ ठाउँमा फस्ने तथा गाडी नै हिलोले लतपतिने गरेको छ।'

जनप्रतिनिधी आएपछि सडक बन्ला भन्ने सोचे पनि अहिलेसम्म बन्न नसकेको उनी बताउँछन्। 'हामीलाई त हिँडडुल गर्नै सकस भयो,' अर्का स्थानीय राजेन्द्र चौधरीले भने,'विद्यालय जाने बालबालिकालाई त झनै गाह्रो भएको छ, हिलोले उनीहरूको विद्यालय पोशाक नै विग्रने गरेको छ।' विद्यालय जाने बालबालिकाले लभ्ली चोकदेखि पिपल चौतारासम्म हातमा जुत्ता चप्पल बोकेर हिँडनु परेको उनी बताउँछन्। 'हातमा जुत्ता चप्पल बोकेर हिलोमा हिँड्नु परेको छ,' उनले भने,'यो सडक चाँडै बनाइदिए हुन्थ्यो।' उनले नागरिककर्मीसँग आग्रह गर्दै भने,'तपाईंहरू यो सडक बनाइदिन धनगढी उपमहानगरपालिकालाई घचघचाई दिनुस्।' यो सडक वर्षौंदेखि जीर्ण रहेको बताउँदै उनले भने,'समयमै बनाउने भनेको सडक झन निर्माण कम्पनीले खनिदिएर हिँड्ने बाटै राखिदिएन।'

क्षेत्रीय सहरी विकास कार्यक्रम अन्तर्गत निर्माण भइरहेको पिपल चौतारा-लभ्ली चोकसम्मको १.२ किलोमिटर सडक खण्ड कालिका कन्ट्रक्सन प्रालिले ठेक्कामा लिएको छ। ठेकेदार कम्पनीले समयमै निर्माण गरेर हिँडडुल सहज पार्नुपर्ने भए पनि अलपत्र छाडिदिँदा पैदल यात्रुलाई सकस भइरहेको उनी बताउँछन्। सडक निर्माणका लागि निर्माण कम्पनीले हात हाल्नै खोज्दा खानेपानी र सडकको समन्वय नमिल्दा ढिला भएको धनगढी उपमहानगरपालिकाका ईन्जिनियर दिजराज भट्टले बताए। उनले भने,'सडक निर्माणमा ढिलाइ भएपछि मेयरसापले स्थानीयबीच समन्वयन गरेर काम अगाडि बढाउन आग्रह गर्नुभएको छ।' सो सडक चाँडै निर्माण हुने उनले बताए।

खानेपानीको पुरानो पाइपलाइन भएको र त्यसको स्टमेट नभएका कारण काम गर्न ढिलाइ भएको कालिका कन्ट्रक्सनका साइड इन्चार्ज प्रितम मकाजुले बताए। उनले भने, 'खानेपानीको पाइप टुटफुट भएका कारण १.२ किलोमिटर सडक खण्ड हिलाम्य भएको हो, त्यसमा हामी हिँडडुल गर्न मिल्ने गरी ग्राभेल गर्ने छौं।' केही दिन अघि ग्राभेल गरिए पनि त्यसले अपुग भएकाले अब तुरुन्तै पुनः ग्राभेल गरेर हिँडडुल गर्नसम्म मिल्ने बनाइने उनले बताए।

# जातीय विभेदविरुद्ध गर्ज्याङकोट

धनबहादुर बुढा

*जुम्ला, पुस २७*



जुम्लाको गुठिचौर गाउँपालिका-३ गर्ज्याङकोट जातीय विभेद तथा छुवाछुतविरुद्धको अभियानमा होमिएको छ। यहाँका युवाहरू वडामा कुनै पनि जातीय विभेद हुन नदिने प्रतिबद्धता गरेका छन्। जातीय भेदभाव तथा छुवाछुत सामाजिक कुरीति र अपराध भएकाले सबै मिलेर अन्त्य गर्नुपर्नेमा जोड दिइएको छ। स्थानीय युवा लक्ष्मण सुनारले भने, 'हामी सबै समान अधिकारका भागेदारी हौं। हामी हाम्रो घर परिवार र समाजमा हुने जातीय छुवाछुत भेदभावलाई पूर्णरूपमा अन्त्य गर्न चाहन्छौं।' उनले जातीय भेदभाव तथा छुवाछुतमुक्त वडा बनाउने अभियानमा सबैको साथ रहेको बताए।

गाउँपालिका-३ जातीय भेदभावविरुद्धको जनचेतनामुलक कार्यक्रम भइरहेका छन्। पहिलो चरणमा मानव जातिको इतिहास, जातिय भेदभावको सुरुवात, छाउपडी प्रथा, स्वास्थ्य र पोषणको बारेमा युवायुवतीलाई अभिमुखिकरण गरिएको हो। नेपालको संविधानले उपलब्ध गराएको अधिकार लागि छुवाछुतविरुद्ध बनेका कानुनको पूर्णरूपमा कार्यान्वयन गर्ने र वडापालिकालाई जातीय विभेद र छुवाछुत मुक्त वडा बनाउन आवश्यक सहयोग र खबरदारीका लागि पूर्ण प्रतिवद्ध रहने संकल्प गरिएको छ।

वडाध्यक्ष प्रेमबहादुर बुढाले जातीय छुवाछुत अन्त्यका लागि अशिक्षा र गरिबीलाई पनि सँगसँगै अन्त्य गर्नुपर्ने बताए। उनले भने, 'जातीय विभेदलगायतका सबै प्रकारका छुवाछुत अन्त्य गर्न वडा कार्यालय प्रतिबद्ध छ। यो अभियानमा स्थानीयको भरपुर साथ चाहिन्छ।' जातिय भेदभाव र छुवाछुत अन्त्य घोषणा गरी वडालाई नमुना बनाउने तर्फ सबैको ध्यान केन्द्रित गर्न उनले आग्रह गरे। समाज परिवर्तनका लागि चेतना र शिक्षाको आवश्यकता हुने वडाध्यक्ष बुढाको भनाइ छ।

## ग्रहफल

ज्यो. डा. राजकुमार सुवेदी

कम्प्युटर ज्योतिष सेवा, मो.९८४१८८३४४२



| | |
|---|---|
| मेष | वाणी सिद्धि हुने योग छ। विद्यार्थीहरूका लागि पढाइ राम्रो हुने छ। व्यापारमा फल प्राप्त हुने छ। स्वास्थ्यमा समस्या आउने देखिन्छ। |
| वृष | व्यवसायमा शुभ देखिन्छ। विद्यामा सफल र आर्थिक लाभ हुने दिन छ। सामाजिक पद प्रतिष्ठा, सम्मान मिल्ने छ। |
| मिथुन | कार्यमा, सामाजिक सम्मान मिल्ने छ। यात्रा गर्दा दिनको सुरु मै गर्नु होला। अध्ययनमा सफलता मिल्ने छ। विवादबाट जोगिनु होला। |
| कर्कट | व्यापार व्यवसायमा राम्रो फल प्राप्तिको समय छ। प्राविधिक उद्योगमा लगानी गर्दा राम्रो हुन्छ। सामान्य उदर रोग देखिन सक्छ। |
| सिंह | आफ्नो काममा प्रभुत्व जमाउन सफल भइने छ। विलासी खानपानमा रुचि नगर्नु राम्रो हुन्छ। उन्नति प्रगति हुने दिन छ। |
| कन्या | पहिलेको पद प्राप्त हुने देखिन्छ। व्यापारको कार्य गर्दा विचार पुर्‍याएर गर्नु होला। परिवारमा धन आर्जन हुने योग देखिन्छ। |
| तुला | व्यापार व्यवसाय गर्नेहरूलाई राम्रो छ। मित्रबाट कार्यसिद्धि योग रहेको छ। अध्ययनको क्षेत्रमा सफलता प्राप्त हुने छ। |
| वृश्चिक | आर्थिक लाभ हुने दिन छ। स्वकार्यमा रुचि बढ्ने देखिन्छ। नयाँ कार्यमा हात हाल्नु राम्रो होला। सामान्य उदर रोग देखिन सक्छ। |
| धनु | पारिवारिक सदस्यहरूबीच रमणीय सम्बन्ध रहने छ। व्यवसायिक काममा ढिला हुन सक्ने भए पनि त्यसबाट फल मिल्ले छ। |
| मकर | कार्य सिद्धिमा सामान्य ढिला हुने छ। अध्ययनमा सफलता मिल्ने छ। इष्ट मित्रसँग वैचारिक मिलाको योग रहेको छ। |
| कुम्भ | विलासी कार्यमा रुचि नलिनु राम्रो होला। साथीभाइसँगको भेटघाट रमाइलो हुनेछ। राजनीतिमा क्षेत्रमा सफलता मिल्नेछ। |
| मीन | नयाँ पद प्राप्त हुने समय छ। पराक्रमबाट कार्य सिद्धि हुने छ। अध्यनार्थीहरूलाई ज्ञान आर्जनमा रुचि बढ्ने छ। |

# पोखरामा पानी चराको गणना



धन बस्नेत

*पोखरा, पुस २७*

पोखराका ताल तलैया र खोलानालामा पाईने जलपंक्षीको गणना सुरु गरिएको छ। बर्सेनी जलपंक्षी गणना गरिँदै आएको छ। गणना कार्य सन् २००४ देखि पोखरामा निरन्तर गरिँदै आएको छ। पोखरामा मंगलबारदेखि लेखनाथ क्षेत्रका तालहरूमा जलपंक्षी गणना सुरु गरिएको पोखरा पंक्षी समाजका अध्यक्ष तथा गणनाका क्षेत्रीय प्रतिनिधी मनशान्त घिमिरेले जानकारी दिए।

'पहिलो दिन लेखनाथका बेगनास, रूपा, गुँदे, खास्टे, न्युरेनी, दिपाङ, मैदी तालमा गणना गरिने छ,' उनले भने, 'दोस्रो दिन फेवाताल, कमलपोखरी ताल र विजयपुर खोला क्षेत्रमा गणना गर्ने छौं।' गणनामा गरिएको तथ्यांकअनुसार पोखरा उपत्यकामा ४६ प्रजातिका पानी चराको अभिलेख गरिएको छ। वर्षभरि गरिने अध्ययनअनुसार १०२ प्रजातिका पानी चरा देखिएको समाजका अध्यक्ष घिमिरेले बताए। उनका अनुसार कुनै समय पानी चरा नियमित देखिन्छन्। 'चराहरू माइग्रेट हुन्छन्। माइग्रेट हुने क्रममा भेटिएका चरालाई समेत गणना गर्ने गरेका छौं,' उनले भने, 'कुनै चार वर्षमा एक पटक देखिन्छन्। कुनै दुई वर्षपछि देखिने गरेका छन्। केही एक पटक देखिएपछि दोहोरिएर देखिने गरेका छैनन्।'

दुई दिनसम्म गणना गरिने छ। गणनामा २७ जना संलग्न छन्। १० गणक छन्। बाँकी अन्य वन विज्ञान अध्ययन संस्थान, पृथ्वीनारायण क्याम्पसका विद्यार्थीहरू, ताल व्यवस्थापन सरोकार निकायका प्रतिनिधि तथा पथप्रदर्शक संलग्न रहेको उनको भनाइ थियो। पुस १७ देखि माघ ५ (जनवरी १ देखि १९) सम्म विश्वभरका साथै नेपालका ६० भन्दा बढी ताल तलैया र नदीका भागहरूमा जलपक्षीहरूको गणना गरिने पोखरा पंक्षी समाजका अध्यक्ष तथा गणनाका क्षेत्रीय प्रतिनिधि घिमिरेले जानकारी दिए। दक्षिण एसियामै पहिलो पटक वन्यजन्तु पर्यटन भित्र्याउने पायोनियर कम्पनी टाइगर टप्सको चेन होटल टाइगर माउण्टेन पोखरा लजका प्रबन्धक मार्कस कटनको अगुवाइमा सन् २००४ देखि पोखरा उपत्यकामा सुरु गरिएको पानी चरा गणना गरिएको थियो।

# तीन वर्षदेखि युवक बेपत्ता पर्खाइमा परिवार



काठमाडौं, पुस २७ (नागरिक)- धनकुटाको पाख्रीबास नगरपालिका-५ का आशिष मगर बेपत्ता भएको तीन वर्ष पुग्न लाग्यो। २०७५ फागुन २० गते शिवरात्रिका दिन परिवारजन कसैलाई नसोधी घरबाट हिँडेका हुन्। छोरा भेटिने आशामा बुवा इन्द्रबहादुर मगर र आमा हेममाया मगर धेरै ठाउँमा धाइसकेका छन्। तर, अहिलेसम्म छोराको अवस्था अज्ञात हुँदा उनीहरू विचलित बनेका छन्।

आशिषकी ४७ वर्षीया आमा हेममायाले भनिन्, 'कहाँकहाँ मात्र खोजिएन तर केही उपाय लागेन।' छोरा आजै र अहिल्यै फर्किहाल्छ भन्ने लागिरहने गरेको उनले बताइन्। 'हरेक दिन उसको बाटो हेरिरहन्छु,' उनले भनिन्, 'जतिखेर पनि छोराकै सम्झनाले सताइरहन्छ।' आमा हेममायाका अनुसार कक्षा ११ र १२ को पढाइ सदरमुकाम धनकुटामा बसेर पूरा गरेका आशिष पढाइ अगाडि बढाउने योजनामा थिए।

आशिषका दाजु मनोज मगरले २०७५ फागुन २३ गते इलाका प्रहरी कार्यालय पाख्रीबासमा भाइको खोजतलास गरिदिन अनुरोध गर्दै निवेदन पनि अहिलेसम्म प्रहरीले केही पत्ता लगाउन सकेको छैन। 'घरबाट हिँडेको मान्छे तीनसम्म नफर्केपछि खोजतलासका लागि निवेदन दिएँ तर त्यहाँबाट अहिलेसम्म केही खबर आएको छैन,' मनोजले भने। प्रहरीमा निवेदन दिएको केही समयपछि 'मानिस हराएको' भनेर फोटोसहितको सूचना पनि पत्रिपत्रिकामा छपाएको उनले जानकारी दिए।

२०५४ चैत १३ गते जन्मिएका आशिष हराएको बेला २१ वर्ष पुग्न एक महिना मात्र बाँकी थियो। गहुँगोरो वर्णका आशिष५ फिट ७ इन्च अग्लो रहेको खोजतलासका निम्ति प्रहरीमा दिइएको निवेदनमा उल्लेख छ। परिवारले दिएको जानकारीअनुसार आशिषले मोबाइल पनि घरमै छाडेका छन्। उनले नागरिकता, शैक्षिक प्रमाणपत्र पनि केही लगेका छैनन्। उनको राहदानी नबनेको हुँदा विदेश गएको भनेर अनुमान गर्न सकिने अवस्था पनि छैन। कतै नभेटिँदा भारत गएको हुन सक्ने भनी गाउँलेले अनुमान गर्ने गरेको पनि आमा हेममायाले सुनाइन्।

जिल्ला प्रहरी कार्यालय धनकुटाका प्रहरी नायब उपरीक्षक (डिएसपी) सुरज कार्कीले बेपत्ता आशिषको खोजी कार्य जारी रहेको बताए। लामो समय भइसक्दा पनि आशिषका बारेमा कुनै संकेतसम्म नभेटिएको उनले जानकारी दिए। 'बेपत्ता भएको यति लामो समय भइसक्यो तर कुनै क्लु भेट्टाउन सकिएको छैन,' डिएसपी थापाले भने। इलाका प्रहरी कार्यालय पाख्रिबासका प्रहरी नायब निरीक्षक (सई) राजकुमार थापाले खोजतलासका लागि हुलियासहितको निवेदन परेलगत्तै विभिन्न तौरतरिकाबाट आशिषको खोजीकार्य अघि बढाइए पनि अहिलेसम्म फेला पर्न नसकेका जानकारी दिए।

पाख्रिबास-५ का वडाध्यक्ष गोपालराज थापाले आशिष सज्जन मान्छे भएको बताए। 'जाँड रक्सी खान्नथे, जुवातास खेल्दैनथे, दंगाफसादमा लाग्दैनथे,' उनले भने, 'बदमासी गरेको भए त ढिलोचाँडो थाहा हुनुपर्ने तर नराम्रो गरेको केही सुनेनौं।' हराएको तीन वर्ष हुन लाग्दा पनि आशिष जीवित या मृत कुन अवस्थामाभनेर थाहा पाउन नसक्नु चिन्ताको विषय भएको उनले बताए।


## वर्गीकृत विज्ञापन/डिस्प्ले

**निर्माण/सफाई**

ढलटवाइलेट सेफटीटैंकी जामखोल्ने सस्तोमा 9841634234, 984176292

धेरैसस्तोमा सेफ्टीट्याङ्की सफाईगर्ने 9861928899, 9823859294

**नाम परिवर्तन गरिएको सूचना**

**यस साविक स्वयम्भु तरकारी तथा फलफुल बजार प्रा.लि.को मिति २०७८/०८/२१ मा सम्पन्न विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक प्रा.लि.को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने कर दायित्व आदि परिवर्तित नाम (जि.एस.आर. ग्रुप प्रा.लि.(प्रा.लि.नं. २१५५८०) ले सकार्ने व्यहोर्ने भएको व्यहोरा श्री कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/०९/०८ को निर्णयानुसार सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।**

**कम्पनीको नाम परिवर्तन भएको सूचना**

यस कम्पनीको मिति २०७८।०९।०१ को विशेष साधारण सभाको निर्णय अनुसार यस कम्पनीको नाम प्लाष्टिक रिसाइकलिङ्ग एण्ड प्रोडक्टस प्रा.लि. लाई परिवर्तन गरी सर्वोत्तम प्लाष्टिक एण्ड प्रोडक्टस प्रा.लि. कायम गर्न नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्राय, कम्पनी रजिष्टारको कार्यालयबाट मिति २०७८।९।२० को च.नं. ४८५१४ को पत्रबाट स्वीकृति प्राप्त भएकोले नाम परिवर्तन भएको व्यहोरा सर्वसाधारणको लागि जानकारी गराउँदछौं।

**सर्वोत्तम प्लाष्टिक एण्ड प्रोडक्टस प्रा.लि.**
बालाजु, काठमाडौ

**मोटरसाइकल हरायो**

मितिः २०७८।९।२१ गते दिउँसो अन्दाजी ०३:३० बजेको समयमा जिल्ला बाँके नेपालगञ्ज उपमहानगरपालिका वडा नं. १२ धम्बोजीचोक नेपाल बंगलादेश बैंकको अगाडि पार्किङबाट निम्न व्यहोरा भएको मोटरसाईकल हराएको हुँदा पाउने महानुभावहरुले नजिकको प्रहरी चौकी वा ट्राफिक प्रहरी शाखामा खवर गरिदिनु होला।

**सवारी साधन विवरण**
मोटरसाइकल नामः यामाहा FZS 150CC
मोटरसाइकल नं.: भे ११ प ६१३९
मोटरसाइकल रंग : कालो
इन्जिन नं. : G3J3E0541834
च्यासिस नं. : ME1RG44B2M0085153
**नाम : खड्कराज अधिकारी**
फोन नं. : ९८४८१८१९५५

**भावपूर्ण श्रद्धाञ्जली**



जन्मः वि.स. २००१-०३-२० स्वर्गारोहणः वि.स. २०७८-०९-१६

**स्व. महेश्वर लाल कंठ**

शहरी विकास तथा भवन निर्माण विभागका उप-महानिर्देशक श्री चक्रवर्ती कंठज्यूका पूजनीय पिता महेश्वर लाल कंठको मिति २०७८/०९/१६ गतेका दिन असामयिक स्वर्गारोहण भएको आज १३ औ दिनको पूण्यतिथिमा उहाँप्रति भावपूर्ण श्रद्धाञ्जली तथा शोकसन्तप्त परिवारमा हार्दिक समवेदना व्यक्त गर्दछौ।

**शहरी विकास तथा भवन निर्माण विभाग परिवार**
बबरमहल, काठमाण्डौ

**Arjundhara Municipality**
**Office of Municipal Executive, Jhapa**
Province No.1, Nepal

**Invitation for Bid**
Date of Publication: 2078/09/28

| Description | Sealed Quotation no. | Bid Document fee | Bid Security | Remark |
|---|---|---|---|---|
| **Invitation for Bids for the** Procurement **of** *Upmayor Saga Ama Sishu Karyakram* | 0004SQG/078/079 | 1000 | NRs. 38925/- | |

1. The Office of the Municipal Executive Arjundhara Municipality Shanishchare Jhapa invites sealed quotations from registered Suppliers for the supply and delivery of the ítems related to ***Upmayor Saga Ama Sishu Karyakram.***
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the Office of the Municipal Executive Arjundhara Municipality Shanishchare Jhapa .
3. A complete *set* of Bidding Documents may be purchased from the Office of the Municipal Executive Arjundhara Municipality Shanishchare Jhapa by eligible bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRs 1000 till 2078.10.12 BS during office hours.
4. **Information to deposit the cost of bidding document in Bank:**
Name of the Bank: N I C Asia Bank. Name of Office: Arjundhara Municipality
Office Account no. 0092050511258012 (Antarik Rajaswa Khata)
5. Sealed bids must be submitted to the Office of the Municipal Executive Arjundhara Municipality Shanishchare Jhapa before 2.00 PM on2078.10.12 BS. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at the Office of the Municipal Executive Arjundhara Municipality Shanishchare Jhapa at 2:00 PM on 12th Magh 2078 BS .The process of opening of bid document will not be hold even if the representatives remain absent. Bid security must be valid for a period of 45 days from the date of bid opening and must be accompanied by a bid security to a minimum of NRs. 38925.00 which shall be valid for 30 days beyond the validity period of the bid .If the Bidder wishes to submit cash security,the cash should be deposited in deposit account No 0092050511258018 at NIC Asia Bank Birtamod and submit the receipt of deposited amount of cash along with Sealed Quotation.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The purchaser reserves the right to accept or reject,wholly or partly any or all the bid without assigning any reason, whatsoever.